"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खाँदवारी, संखुवासभा

कोशी प्रदेश, नेपाल ।

## आयमूलक भवन र भवनसँगैको पश्चिमपट्टीको खाली जग्गा समेत भाडामा लगाउनेसम्बन्धी शिलबन्दी दरभाउपत्र पेस गर्ने आह्वानको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८३/०१/२१ गते)**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३/०१/२१ गतेको निर्णयानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ बमोजिम देहाय अनुसार आयमूलक भवन र भवनसँगैको पश्चिमपट्टीको खाली जग्गा समेत आ.व. ३ वर्षका लागि बढाबढमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरभाउपत्र पेस गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय :

| क्र. सं. | बहाल बिटौरी शुल्कको नाम र क्षेत्र | बढाबढको लागि न्यूनतम बार्षिक ठेक्का अङ्क रु. | कैफियत |
|---|---|---|---|
| १. | खाँदबारी नगरपालिका वडा नं. १ स्थित टुँडिखेल हाट बजार छेउको आयमूलक भवन र भवनसँगैको पश्चिमपट्टीको खाली जग्गा समेत भाडा लगाउने सम्वन्धमा । | रु. ५,७२,०००।- (अक्षरेपी : पाँच लाख बहत्तर हजार मात्र) | |

**शर्तहरु :-**

१. दरभाउपत्रसाथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर, मूल्य अभिवृद्धि कर, कम्पनी रजिष्ट्रारको कार्यालय तथा यस कार्यालयमामा दर्ता भई नविकरण भएका फर्म, कम्पनी, संस्थाहरुले दरभाउपत्र साथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र रु. १,०००।-(अक्षरेपी एक हजार मात्र) यस नगरपालिकाको राजस्व उपशाखामा बुझाएको नगदी रसिद संलग्न भएको हुनुपर्नेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ठिक ५:०० बजे भित्र खरिद गरिसक्नुपर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सो पश्चात कार्यालय खुलेको पहिलो दिन खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र पेस गरिसक्नुपर्नेछ र रितपूर्वक पेस भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्र पेसकर्ताहरुको उपस्थितिमा खोलिनेछ । दरभाउपत्र पेसकर्ताहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

३. दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार नगरकार्यपालिका कार्यालयमा निहित रहनेछ ।

४. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र सम्वन्धित ठेक्का सम्झौता गरी सक्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा कवोल अङ्क बराबरको नगद वा चेक वा QR Code बाट बाट एकमुष्ट रकम बुझाउनुपर्नेछ । सम्झौता अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन, विचैमा ठेकेदारले सम्झौता तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

५. दरभाउपत्र पेस गर्नेले यस न.पा. मा बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, महशुल, सेवा शुल्क आदि बुझाई सकेको र नगरपालिकालाई कुनै तिर्नु बुझाउनुपर्ने बाँकी बक्यौता भएको हुनुहुदैन । त्यस्तो दरभाउपत्र पेस गर्नेको दरभाउपत्र पेस भएको भए पनि बदर गरिनेछ ।

६. आयमूलक भवन र भवनसँगैको पश्चिमपट्टीको खाली जग्गामा कृषिजन्य उत्पादनका सामानहरु पहिलो प्राथमिकतामा राखेर मात्र दैनिक उपभोगका सामानहरु, किराना पसल, रेडिमेट कपडा, थान कपडा, जुत्ता, चप्पल, बिजुलीको सामान, कस्मेटिक, श्रृंगारका सामानहरुको वेचविखन गर्न पाउन सकिनेछ । माथिको वस्तुहरु वाहेक वढी जोखिम हुने वस्तुहरु, गैह्र कानुनी वस्तुहरु र अन्य कुनै किसिमको व्यवसाय गर्न वा राख्न वा वेचविखन गर्न पाईने छैन । माथि उल्लेख भएका वाहेक कुनै वस्तुको व्यवसाय गर्नु पूर्व नगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

२०८३/०१/२१

विमल बानिया
अधिकृत छैठौं

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com

७. आयमूलक भवन र भवनसँगैको पश्चिमपट्टीको खाली जग्गामा नगरपालिकाको पूर्व स्वीकृति लिई सटर आफैले निर्माण गर्नुपर्नेछ । १ वटा कवलमा कोठामा २ वटा भन्दा वढि सटर बनाउन सकिने छैन साथै कुनै पनि स्थायी संरचना बनाउन पाइने समेत छैन ।

८. भवनसँगैको पश्चिमपट्टीको खाली जग्गामा नगरपालिकाको (प्राविधिक) पूर्व स्वीकृति नलिई कुनै अस्थायी टहरा कवल राख्न पाइने छैन ।

९. आयमूलक भवन र भवनसँगैको पश्चिमपट्टीको खाली जग्गाको सम्झौताबमोजिम कार्यसम्पादन सन्तोषजनक भएमा कवोल अङ्कको वार्षिक १० प्रतिशतका दरले भाडा वृद्धिगरी थप २ (दुई) वर्ष म्याद थप गर्न सकिनेछ ।

१०. आयमूलक भवन र भवनसँगैको पश्चिमपट्टीको खाली जग्गासम्बन्धी आन्तरिक व्यवस्थापन कार्यहरु, टेलिफोन महशुल, खानेपानी, विद्युत महशुल लगायत नियमानुसार लाग्ने शुल्क, दस्तुर, कर आदी नगरपालिकाले कुनैपनि थप आर्थिक दायित्व ब्यहोर्ने छैन ।

११. दरभाउपत्र दाताले कवोल रकमसाथ खाँदबारी नगरपालिका स्थित राष्ट्रिय वाणिज्य वैङ्क लि., खाँदबारी शाखामा रहेको खाँदबारी नगरपालिकाको कार्यालयको धरौटी खाता नं. २०८०१००३०३०००००२ मा बार्षिक कवोल अङ्कको २.५ (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम वापत् जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैङ्कबाट मान्यता प्राप्त वाणिज्य वैङ्क "क" वर्गको वैङ्कहरुबाट यस कार्यालयको नाममा नियमानुसार जारी गरिएको १२० (एक सय विस) दिनको मान्य अवधि भएको वैङ्क जमानत (बिडबण्ड) धरौटी स्वरुप पेस गर्नुपर्नेछ ।

१२. दरभाउपत्र पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

१३. यस विषयमा विस्तृत कुरा बुझ्नु परेमा नगरपालिकाको राजश्व उपशाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

१४. यस सूचनामा उल्लेख भएका कुराहरु यसैबमोजिम हुनेछन् । उल्लेख नभएका कुराहरु प्रचलित ऐन, कानूनबमोजिम हुनेछ ।

..............................
विमल वानिया
अधिकृत छैठौं
राजस्व उपशाखा

विमल वानिया
अधिकृत छैठौं

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com